الدرس الثالث - نيبالي
توحيد الأسماء والصفات

# पाठ - 3

## तेश्रो : तौहीदे अस्मा व सिफात

**(काम र गुणहरु बारे अल्लाहको एकत्व)**

अल्लाह तआलाले आफ्नो जुन नाम राख्नु भएको छ र आफ्नो जुन महान गुण र विशेषताहरु बताउनु भएको छ वा अल्लाहको सन्देष्टा मुहम्मद ﷺ ले अल्लाहको जुन नाम, र महान र सर्वत्तम गुण र विशेषताहरु को ब्याख्या गरेका छन्
ति सबै नाम र गुणहरु माथि यस्तो विशवास राख्नु जस्तो अल्लाहको लागि उचित सुहाँदो र उप्युक्त छ, कुनै किसिमको हेरफेर परिवर्तन र अदलाबदली अथवा घटथप नगर्नु, तिनीहरु लाई न नकारनु, नत आफ्नो मनमानी तपसिल र विवरण स्पष्ट गर्नु, त्यस्तै अल्लाहका गुण र विशेषताहरुलाई मानिसहरुको गुण र विशेषताहरु जस्तै न सम्भनु, नत ति गुणहरुको उदाहरण प्रस्तुत गर्नु,
र यो मान्नु कि ति नाम र गुणहरु मात्र नमुना होइनन् बरु वासतविक्ता माथि अधारित छन्, र जुन कुराहरुलाई अल्लाहले आफु प्रति मनाही गरेका छन् वा उहाँको सन्देष्टा मुहम्मद ﷺ ले मनाही गरेका छन् त्यसलाई न मान्नु, र जुन कुराहरुको बारेमा मनाही भएको छैन र पुष्टि पनि भएको छैन भने त्यस बारे चुपलागेर बस्नु, त्यसमा हस्तछेप नगर्नु नत त्यसलाई स्वीकारनु नत नकारनु ।

### पवित्र नामहरुको उदाहरण ।

अल्लाहले आफ्नो एउटा नाम *(अलहैयु-ल-कैयुम)* राख्नु भएको छ, यसो भए अल्लाहको नाम मध्ये एउटा नाम *(अल्हैयु)* हो भन्ने कुरामा विशवास राख्नु जरुरी हुन्छ, र यस नाममा जुन् प्रकारको गुण र विशेषताहरु छन त्यस माथि पनि विशवास राख्नु जरुरी हुन्छ, र यसको अर्थ हो- "यस्तो परिपूर्ण जीवन जसको शुरुवात पनि छैन र अन्त पनि छैन"।
त्यस्तै अल्लाहले आफ्नो एउटा नाम *(अस्समी)* राख्नु भएको छ, तसर्थ अल्लाहको नाम मध्ये एउटा नाम *(अस्समी)* हो भने कुरामा विशवास राख्नु जरुरि हुन्छ, र साथै यो अल्लाहको एउटा विशेषता र गुण पनि हो जसको अर्थ हुन्छ
*"सुन्नेवाला"* ।